नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

☎ ४२२३५८०
४२६२६९६
रामशाहपथ, काठमाडौं

प.स. ०८०/८१/१/आ.प्र.
च.नं.

सूचना ! सूचना !! सूचना !!!

यस मन्त्रालयले हरेक वर्ष फागुन १५ गतेका दिन "स्वास्थ्य सेवा दिवस" मनाउने गरेको सन्दर्भमा यही २०८० फागुन १५ गतेका दिन भव्यताका साथ "स्वास्थ्य सेवा दिवस" मनाउने र यस दिन अहोरात्र देशको दूरदराजका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्योपचारमा अनवरत रुपमा क्रियाशील चिकित्सक एवं स्वास्थ्य कर्मचारीहरू मध्ये नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ वमोजिम कार्यसम्पादन मूल्याङ्कन, कार्यदक्षता र दुर्गम क्षेत्रमा पुऱ्याएको सेवासहित उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई "उत्कृष्ट स्वास्थ्य सेवा पुरस्कार" र "स्वास्थ्य सेवा पुरस्कार" प्रदान गर्ने कार्यक्रमसमेत रहेकोले प्रदेश र स्थानीय तहका अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरू मध्येबाट बढीमा दुईजना (एक जना महिला र एक जना पुरुष) कर्मचारीहरूको नामावली सिफारिस गरी २०८० फागुन ११ गते शुक्रबार २:०० बजे भित्र यस मन्त्रालयको इमेल: it.section@mohp.gov.np मा पठाउन हुन प्रदेशस्थित स्वास्थ्य मन्त्रालय/सामाजिक विकास मन्त्रालयलाई अनुरोध गरिन्छ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## प्रशासन महाशाखा
आन्तरिक प्रशासन शाखा

☎ ४२२३५८०
४२६२६९६

रामशाहपथ, काठमाडौं

प.स. ०८०/८१/१/आ.प्र.
च.नं. ६१६

मिति: २०८०/११/०८
ने.सं.: ११४४ सिल्लाथ्व ११, मंगलबार

श्री श्री विभाग/संघीय अस्पताल/केन्द्रीय निकाय/बोर्ड/प्रतिष्ठान/परिषद् ,सबै।

विषयः सिफारिस सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १२७क मा नेपाल स्वास्थ्य सेवाका एकजना कर्मचारीलाई उत्कृष्ट स्वास्थ्य सेवा पुरस्कार र चार जनालाई स्वास्थ्य सेवा पुरस्कार प्रदान गर्ने व्यवस्था बमोजिम तँहा निकायबाट तपसिलको मापदण्ड अनुरुप हुने गरी दुईजना (१जना महिला र १ जना पुरष) उत्कृष्ट कर्मचारीहरुको नामावली फागुन ११ गते शुक्रबार २:०० बजे भित्र छनौट गरी यस मन्त्रालयको इमेल: it.section@mohp.gov.np मा पठाउन हुन स्वास्थ्य सेवा पुरस्कार छनौट उपसमितिको मिति २०८०/११/०८ निर्णयानुसार अनुरोध छ।

तपसिल

छनौटको मापदण्ड

- कार्यसम्पादन मुल्याङ्कन,
- कार्यक्षमता र कार्यदक्षता,
- ज्येष्ठता, कर्तव्यनिष्ठता, लगनशीलता र
- दुर्गम क्षेत्रमा काम गरेको सेवालाई
- अन्य

२०८०/११/०८

शेर बहादुर वि.क.
शाखा अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौं: वेबसाइटमा अद्यावधिक गरिदिनु हुनका साथै आवश्यक सहयोग गरिदिन हुन।